बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
५ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७७।०७८
चलानी नं. : ३६४

मिति :२०७७/०६/०५

## सुरक्षित नागरिक आवास निर्माण सम्वन्धी सुचना ।
### प्रथम पटक प्रकाशित मिति : २०७७।०६।०५

सघन शहरी तथा भवन निर्माण आयोजना दाङको च.नं. ६६७ मिति २०७६।०१।०२ पत्रानुसार तथा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७६।०१।०४ गतेमा वसेको बैठकको निर्णय नं. २ अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन २०७५ बमोजिम उपयुक्त, सुरक्षीत र वातावरण मैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परीपुर्ती गर्न गरीबीको रेखा मुनी रहेका, प्रकोपका कारण घरबार बिहिन बहेका परिवारहरूलाई सुरक्षीत आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले 'सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५' को दफा ११ (ख) अनुसार सम्बन्धित वडा कार्यालय मार्फत १० (दश) दिने सूचना जारी गर्ने निर्णय भएकोले बबई गाउँपालिका वडा नं. १,२,३,४,५,६, र ७ का वडा कार्यालयको क्षेत्रभित्र उपरोक्त अनुसारको घरधनीहरूले यस कार्यालयबाट निशुल्क रूपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी १० (दश) दिन भित्र वडा कार्यालयमा बुझाउन हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ । सथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

पुनश्चः निवेदन सम्बन्धित वडा कार्यालय वा बबई गाउँपालिकाको वेभसाइट http://www.babaimun.gov.np/ वाट समेत प्राप्त गर्न सकिने छ ।

२०७७।०६।५

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

(निशुल्क निवेदन)

मिति २०७७/....../...

श्री ............................गाँउपालिका/नगरपालिका,
...... नं. वडा कार्यालयं,................. ।

विषय : <u>सुरक्षित नागरिक आवास निर्माण सम्वन्धमा</u> ।

महोदय,

उपरोक्त सम्बन्धमा "सुरक्षित नागरिक आवास कार्यक्रम" अन्तर्गत त्यस ......................... गाँउपालिका/नगरपालिकाको वडा कार्यालयवाट मिति ............. मा प्रकाशित सुचना बमोजिम "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को परिच्छेद २ को दफा ३ र ४ को लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु **(Criteria)** भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी बसोबासको व्यवस्था मिलाई दिन हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरु सही छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँला ।

तपशिल :

| क्र.स. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेसटस आदि आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुन सक्ने सामाग्रीवाट छाएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ३ | गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ५ | विगत देखी त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ७ | गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्वन्धमा सम्वन्धित स्थानीय तहको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ८ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |

निवेदकको :
सही: ..............................................
नाम थर :............................................
बुवा/पति/पत्नीको नाम :.............................
बाजे/ससुराको नाम :.................................
जिल्ला :.............................................
गा.पा./न.पा:........................ वडा नं.......
गाउ/टोल :...........................................
सम्पर्क मोवाईल नं.:..................................

| निवेदकको औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

नोट : एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यरुलाई सगोलका परिवार मानिनेछ । खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिंदैन । एउटा सगोलको परिवारले एउटा फर्म मात्र भर्न पाईनेछ । झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमवाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।